म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १२९ शुक्रबार, ५ पुस २०८१ ने. सं. ११४५ थिलागा 20 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रातोमाटेबाट लागूऔषध सहित २ जना पक्राउ

हेटौंडा, ४ पुस/हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे चेकपोष्टका प्रहरीले पूर्वपश्चिम लोकमार्ग सडक खण्डबाट लागूऔषधसहित दुईजना युवकलाई पक्राउ गरेको छ ।

रातोमाटे चेकपोष्टका प्रहरीले पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको ना ६१ प ७४९२ नम्बरको मोटरसाइकल रोकेर जाँच गर्ने क्रममा ओनरेक्स सय एमएलको ५ बोतल लागूऔषधसहित मोटरसाइकल चालक मकवानपुर हेटौंडा-६ का २५ वर्षीय निश्चल विश्वकर्मा र पछाडि सवार बारा जीतपुरसिमरा उपमहानगर पालिका-३ का १९ वर्षीय आर्यन अन्सारीलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

मकवानपुर जिल्ला अदालत हेटौंडाबाट विश्वकर्मा र अन्सारीमाथि थप अनुसन्धान गर्न प्रहरीले ५ दिनको म्याद लिएको छ ।

# हेटौंडा औद्योगिक क्षेत्रमा १२७ वटा उद्योग सञ्चालनमा

साझाकुरा संवाददाता



हेटौंडा, ४ पुस/ क्षेत्रफलका दृष्टिकोणले देशकै ठूलो हेटौंडा औद्योगिक क्षेत्रमा यतिबेला एक सय २७ वटा उद्योग सञ्चालनमा छन् । जसमध्ये स्वदेशी उद्योग मात्रै नभई बहुराष्ट्रिय कम्पनी पनि छन् ।

हेटौंडा औद्योगिक क्षेत्रमा स्थापना भएका प्रमुख उद्योगमध्ये खाद्य उद्योग प्रालि, युनाइटेड ब्रुअरी प्रालि, नेपाल बिस्कुट कम्पनी, नेपाल साबुन उद्योग, पशुको आहार उत्पादन प्रशोधन उद्योग, नेपाल पोल उत्पादन प्रालि र काष्ठ फर्निचर लगायत छन् । यसैगरी, औद्योगिक क्षेत्रमा गोरखा लारी चुरोट उद्योग प्रालि, हेटौंडा दुग्ध वितरण आयोजना, नेपाल चियापत्ती उद्योग प्रालि, नेपाल खाने तेल उत्पादन उद्योग, नेपाल कार्टुन उद्योग प्रालि र नेपाल बोट्लर्स उद्योग प्रालि र नेपाल मदिरा उत्पादन उद्योग प्रालिसमेत रहेका छन् ।

औद्योगिक क्षेत्रमा निर्माण सामग्रीजन्य उद्योग ७ वटा, प्लास्टिकजन्य सामग्री उत्पादन गर्ने उद्योग ३१ वटा, विद्युत् तथा विद्युतीय सामग्री उत्पादन उद्योग ४ वटा, खाद्यान्न तथा पेयपदार्थ उत्पादन गर्ने उद्योग १४ वटा, फर्निचर तथा काष्ठ चिरान उद्योग ६ वटा, इन्जिनियरिङ सेवा उद्योग १२ वटा, प्याकेजिङ उद्योग ५ वटा, केमिकल तथा रङरोगन उत्पादन उद्योग ११ वटा, पोल्ट्री तथा दाना उद्योग २ वटा, टेक्सटाइल्स उद्योग एक, खानीजन्य उद्योग ३ वटा, विविध प्रकारका उद्योग १२ वटा छन् ।

यस क्षेत्रमा विगत दुई दशकअघि स्थापना भएका पुराना ६ वटा उद्योग आर्थिक संकटका साथै कच्चापदार्थको अभावमा बन्द अवस्थामा छन् । नेपाल सेन्थेटिक कपडा उद्योग, नेपाल छाला उद्योग प्रालि, नेपाल लाइभस्टक प्रालि, नेपाल वनस्पति घ्यू, नेपाल पोलिथिन प्लास्टिक प्रालि र नेपाल दाना उद्योग प्रालि बन्द रहेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ ।

नेपाल सरकारको स्वामित्वमा सञ्चालित हेटौंडा कपडा उद्योग पनि विसं २०५६ देखि बन्द छ । औद्योगिक क्षेत्रमा अहिले बहुराष्ट्रिय कम्पनीसहित १२ वटा उद्योग निर्माणाधीन अवस्थामा रहेका र अगामी दुई वर्षभित्र ती उद्योगहरुले उत्पादन सुरु गर्ने लक्ष्यसहित निर्माण कार्यलाई तीव्रता दिएका औद्योगिक क्षेत्रका वरिष्ठअधिकृत रमेशकुमार नेपालले जानकारी दिए ।

औद्योगिक क्षेत्रमा कुल १४६ वटा उद्योग अटाउने क्षमता छ । औद्योगिक क्षेत्रमा १४३ उद्योग सञ्चालनको लागि दर्ता भएकोमा १३६ उद्योगले भौतिक संरचना र पूर्वाधार तयार गरी उत्पादन थालेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ । १२१ वटा उद्योगले उत्पादनको काम थालेको कार्यालयले जनाएको छ । अधिकांश उद्योगको उत्पादन क्षमतामा गिरावट आएको उद्योगीहरु बताउँछन् ।

औद्योगिक क्षेत्रमा हाल सञ्चालनमा रहेका विभिन्न उद्योगबाट प्रत्यक्ष र अप्रत्यक्ष गरी करिब १० हजार व्यक्तिले रोजगारीको अवसर प्राप्त गरेका छन् । विसं २०२० मंसिर २० गते अमेरिकी सरकारको आर्थिक अनुदान र प्राविधिक सहयोगमा तत्कालीन श्री ५ को सरकारले हेटौंडा औद्योगिक क्षेत्र स्थापना गरेको थियो । औद्योगिक क्षेत्र स्थापनाका क्रममा तीन हजार दुई सय २८ रोपनी जग्गा, हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापनलाई हस्तान्तरण गरिएको थियो ।

हाल औद्योगिक क्षेत्रमा विभिन्न उद्योगको स्थापनाका क्रममा एक हजार ९ सय ६१ रोपनी जग्गा सम्बन्धित उद्योगका व्यवस्थापकलाई वितरण गरी उद्योग सञ्चालन भइरहेका नेपालले जानकारी दिएका छन् । बाँकी रहेको एक हजार चार सय रोपनी जग्गा जगेडामा राखिएको छ । विभिन्न उद्योगका अतिरिक्त औद्योगिक क्षेत्र परिसरमा हाल इलाका प्रहरी कार्यालय, नेपाल बैंक सिटी अफिस, सशस्त्र प्रहरी बेसक्याम्प, प्रदेश खाद्य तथा गुणनियन्त्रण कार्यालय, प्रदेश माटो परीक्षण कार्यालय, हेटौंडा वितरण आयोजना र प्रदेश कृषि बीउबिजन कार्यालय सञ्चालन भइरहेका छन् ।

औद्योगिक क्षेत्रका प्रबन्धक संगीता कुँवरले विगत केही वर्षदेखि सशस्त्र प्रहरी बेसक्याम्प स्थापना गरी सुरक्षा पुऱ्याइएको भए पनि औद्योगिक क्षेत्रभित्रको चारैतिरको सीमाना क्षेत्रमा तारबारको व्यवस्था नहुँदा स्रोतसाधन सुरक्षामा निकै कठिनाइ भएको बताएकी छन् । यसका साथै औद्योगिक क्षेत्रमा अन्य भौतिक संरचना निर्माणका लागि आवश्यक बजेट उपलब्ध नहुँदा थप उद्योग सञ्चालनका लागि समस्या भएको उनको भनाइ छ ।

कतिपय उद्योगीले उद्योग स्थापना गर्ने भनेर विगतका वर्षदेखि जग्गा सम्झौता गरेर त्यसै छोडेका छन् । जग्गाको उपयोग हुन सकेको छैन । जग्गा हडपेर मात्रै बस्ने तर, उद्योग सञ्चालन गरेर उत्पादन नगर्ने कम्पनीलाई उच्च तहबाटै आवश्यक निर्णय गरी कारबाही गर्न आग्रह गरिएको प्रबन्धक कुँवरले बताइन् । 'जग्गा सम्झौता भएको तर हालसम्म उद्योग सञ्चालनका लागि कुनै संरचना बनेका छैनन् । जग्गा रोक्का गर्ने काम मात्रै भएको छ । यसको उपयोगका विषयमा पनि कुरा भएको छ । साथै सम्बन्धित उद्योग व्यवस्थापकबाट जग्गा फिर्ता लिने प्रक्रिया पनि अगाडि बढाइएको छ', उनले भनिन् ।

# उपमहानगरको एक माविमा प्रअ र विब्यस अध्यक्षमा महिला





साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/हेटौंडा उपमहानगरपालिका-१ चाइना क्वाटरस्थित अमर माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्षमा जानकी गिरी सर्वसम्मत चयन भएकी छन् । यो विद्यालयमा करिब एकदसकदेखि महिलाले प्रधानाध्यापकको भूमिकामा रहेर नेतृत्व गरिरहेकी छन् ।

बिहीवार भएको व्यवस्थापन समितिको बैठकले गिरीलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो । मंसिर २१ गते सम्पन्न अभिभावक भेलाबाट चयन भएका चारजना सदस्य र मनोनित सदस्यसहित ज्येष्ठ सदस्य धनबहादुर तामाङको अध्यक्षतामा बसेको बैठकले गिरीलाई अध्यक्ष चयन गरेको प्रधानाध्यापक मालती उप्रेतीले जानकारी दिइन् ।

उपमहानगरपालिकाको शिक्षा महाशाखाका अधिकृत राजमणि शर्माका अनुसार उपमहानरको माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा सम्भवत यो पहिलोपटक महिला चयन भएको हो । महिला अध्यक्ष भएको विद्यालयलाई उपमहानगरले प्रोत्साहन कार्यक्रमबाट समेट्ने नीति रहेको शर्माले बताए ।

मंसिर २१ गते भएको ३२ औं अभिभावक भेलाबाट सदस्यहरुमा धनबहादुर तामाङ, शर्मिला अधिकारी, बसन्त अर्याल र बिमला थापा चयन भएका थिए । अभिभावक भेलापछि बसेको पहिलो बैठकबाट जानकी गिरी र रामकुमार बर्तौंला मनोनित सदस्यको रुपमा व्यवस्थापन समितिमा प्रवेश गरेका हुन् । पदभार ग्रहण गर्दै अध्यक्ष गिरीले विद्यालयमा प्लस टु सञ्चालन, अंग्रेजी माध्यमबाट पढाई, विद्यालयको बस व्यवस्थापनलगायतमा आफूले कार्य गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

अमर माविमा हेटौंडा-१ को चाइनाक्वाटर, जरुवाटोल, चौकीटोल, भैरवडाँडा, नकौली तथा वडा नम्बर १० को बसपार्क, राप्तीरोड, ११ नम्बर वडाको थानाभञ्ज्याङ क्षेत्रका विद्यार्थी अध्ययनरत् छन । ती विद्यार्थीलाई सहज आवागमन र गुणस्तरीय शिक्षा प्रदान गर्न व्यवस्थापन समिति दत्तचित्त भएर लाग्ने अध्यक्ष गिरीले बताइन् । हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका अध्यक्ष सविन न्यौपानेले गिरीको नेतृत्वमा विद्यालयले शैक्षिक र भौतिक विकास गर्नेमा विश्वास व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिका पदेन सदस्यसमेत रहेका वडाअध्यक्ष न्यौपानेले उपमहानगरको माध्यमिक विद्यालयहरुमध्ये पहिलो पटक व्यवस्थापन समितिमा महिला अध्यक्ष बनाउन पाउँदा खुशी व्यक्त गरे । अमर माविमा महिला अध्यक्ष भएसँगै प्रधानाध्यापक महिला, मेयर महिला, शिक्षा हेर्ने सामाजिक विकास मन्त्री महिला हुँदा महिलाले अगाडि सारेको योजना सम्पन्न हुन कुनै समस्या नहुनेमा विश्वस्त रहेको वडाअध्यक्ष न्यौपानेले बताए ।

## हटौंडाबाट ४ जना बालश्रमिकको उद्दार

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ बालमैत्री नगर घोषणाउन्मुख हेटौंडा उपमहानगरपालिका कार्यालयले ४ जना बालश्रमिकको उद्दार गरेको छ । हेटौंडाका विभिन्न ठाउँमा अनुगमन गरी बालश्रममा रहेका ४ जना बालकलाई उद्दार गरिएको कार्यालयले जनाएको छ ।

नगर बालअधिकार समिति अन्तर्गतको बालश्रमिक उद्दार तथा पुन:स्थापना उपसमितिद्वारा उद्दार गरिएको हो । होटल, खाजाघर, वर्कसपलगायत विभिन्न ११ ठाउँमा अनुगमन गरिएकोमा आरएन्डआर ट्रेडर्स, न्यु आशिका मेकानिकल वर्कसप, विश्वकर्मा वर्कसप र न्यु विश्वकर्मा मोटर वर्कसपमा बालश्रमिक भेटिएपछि उनीहरुको उद्दार गरिएको हो ।

उद्दार गरिएका बालकलाई सिबिन बाल हेल्पलाइनमा राखेर श्रम तथा रोजगार कार्यालयमार्फत् जरिवाना गराएर पारिवारिक पुन:स्थापना गराइने बताइएको छ ।

# हुप्रचौरमा सडक खाना महोत्सव गरिने

साझाकुरा संवाददाता



हेटौंडा, ४ पुस/नयाँवर्ष २०२५ लाई लक्षित गर्दै हेटौंडामा सडक खाना महोत्सव हुने भएको छ । विहीबार पत्रकार सम्मेलन गर्दै मकवानपुर होटल एशोसिएसनले आगामी पुस १३ गतेदेखि १६ गतेसम्म एघारौं सडक खाना महोत्सव हुन लागेको बताएको हो ।

एशोसिएसनका निवर्तमान अध्यक्ष एवम् महोत्सव संयोजक शंकर लाल श्रेष्ठले सडकमा जाउँ, सडकमा खाउँ, सडकमै रमाउँ भन्ने नाराका साथ महोत्सव गर्न लागेको बताए । हेटौंडाको हुप्रचौरको पूर्वतर्फको सडकमा महोत्सव गरिने उनले बताए । महोत्सवमा करिब ५० स्टल रहन्छन्, स्टल शुल्क ४ दिनको १० हजार रुपैयाँ लाग्नेछ, संयोजक श्रेष्ठले भने । महोत्सवमा रैथानेबालीका परिकारका साथै केराका परिकार, नेवारी खाजाका परिकार पाइन्छन् ।

महोत्सवमा स्थानीय कलाकारको प्रस्तुती रहनुका साथै विभिन्न डेकोरेटिभ बत्तिद्वारा मेला सभ्हाउने एशोसिएसनका अध्यक्ष दिलिसगोविन्द जोशीले बताए । महोत्सवमा मक्वानपुर सहित चितवन, बारा, पर्साबाट पनि अवलोकनकर्ताको सहभागिता रहने आयोजकले जनाएको छ । महोत्सवमा मकवानपुर सहकारी अस्पतालबाट आकस्मिक उपचारसेवा प्रदान हुने जनाइएको छ । महोत्सवमा करिब ४० हजारले अवलोकन गर्ने अनुमान आयोजकको रहेको छ । विगतको वर्ष झैं अंग्रेजी नयाँवर्ष लक्षित गरी सडक खाना महोत्सव गर्दै आइरहेकोले साथ सहयोग गर्नुहुन सबैमा अध्यक्ष जोशीले आग्रह गरेका छन् ।

महोत्सवको उद्घाटन १३ गते दिउँसो ३ बजे हुने जनाइएको छ । एशोसिएसनका अध्यक्ष जोशीको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा एशोसिएसनका संस्थापक अध्यक्ष भगीरथ शर्मा, निर्वतमान अध्यक्ष शंकरलाल श्रेष्ठ, वडा नम्बर २ का वडाध्यक्ष एवम् एशोसिएसनका वरिष्ठ उपाध्यक्ष विष्णुगोपाल महर्जन, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतको आतिथ्यता रहेको थियो ।

एशोसिएसनले पत्रकार सम्मेलनकै अवसरमा पत्रकार महासंघ मकवानपुर शाखामा नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा स्वागत सम्मान गरेको थियो ।

## १३ औं वार्षिक साधारण सभासम्बन्धी सूचना !

*प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०५ गते*

यस संस्थाको मिति २०८१/०९/०१ गते सोमबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार १३ औं बार्षिक साधारण सभा, तपसिलमा उल्लेखित प्रस्ताव उपर छलफल गरी निर्णयका लागि साधारण सभा आव्हान गरिएको व्यहोरा सम्बन्धीत सवै महानुभावहरुमा अनुरोध छ । साथै संस्थाका सबै शेयर सदस्यज्यूहरुलाई वार्षिक साधारण सभाको जानकारी एवम् उपस्थितिको लागि यसै सूचनालाई आधार मानी निम्नअनुसारको मिति, समय र स्थानमा शेयर सदस्यज्यूहरुको सक्रिय सहभागीताका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा संचालन हुने मिति, समय र स्थान** :
**मिति** : २०८१/०९/२७ गते शनिवार
**समय** : बिहान ९:०० वजे देखि ५:०० बजेसम्म
**स्थान** : संस्था रहेको भवन हेटौंडा-०४, पारिजातपथ

**साधारण सभामा छलफलका बिषयहरु** :
१. अध्यक्ष ज्युले पेश गर्नुहुने वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८०/८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८०/८१ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तय गर्ने सम्बन्धमा ।
४. संचालक समितितथा लेखा समिति निर्वाचन सम्बन्धमा ।
५. संस्थाको विनियम संशोधन तथा कार्यक्षेत्र बिस्तार सम्बन्धमा ।
६. निर्णय प्रमाणित गर्न प्रतिनिधि चयन सम्बन्धमा ।
७. विविध ।

***नोट** : साधारण सभामा स्वयम् उपस्थित हुने सदस्यलाई मात्र रु.५०० मानियम अनुसार कर कट्टी गरी यातायात खर्च प्रदान गरिनेछ ।*

मनोज तामाङ (अध्यक्ष)

**शिशिर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, पारिजातपथ, मकवानपुर
फोन : ०५७-५९०७०३

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कसका लागि कानुन बनाउने ?

'नेपालको कानुन पशुपतिनाथले जानुन्' भन्ने उखान पाका पुस्ताले बेलाबेलामा निकाल्ने गरेका छन् । हुन पनि कानुनको परिभाषा यस्तैयस्तै भएको छ । नेपाली समाजमा अर्को एउटा उखान छ 'सानालाई ऐन, ठूलालाई चैन' । हाम्रो समाजमा कानुन निर्धाका लागि मात्र आकर्षित हुने गरेको छ । बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले प्रदेशवासीको हित नहुने प्रकारको कानुन निर्माण गर्नु अर्थहीन रहेको सन्देश दिएका छन् । जिल्ला समन्वय समिति मकवानपुरको गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्रदेशवासीको हित नहुने कानुन बनाउनुको कुनै अर्थ नहुने बताएका हुन् । संविधानसँग मेल नखाएका प्रदेशका कानुनलाई संशोधन गर्नुपर्ने उनको भनाई थियो ।

सम्बिन्धत निकायको परामर्शमा संविधानसँग बाझिएका ऐन कानुनलाई परिवर्तन गर्नुपर्ने उनले बताएका हुन् । प्रदेशप्रमुख देवकोटाले तीनवटै तहको सरकारबीच देखिएका समस्याको विषयमा एउटा निष्कर्षमा पुगेर समाधान निकाल्नुपर्ने बताए । समन्वयात्मक भूमिकामा रहेर चुस्त, दुरुस्त कार्यसम्पादन गर्नु नै जिल्ला समन्वय समितिको गाइडलाइन भएको उनको भनाई छ । देवकोटाले जिल्ला समन्वय समितिले चुस्त, दुरुस्त कार्यसम्पादन गर्न समन्वयात्मक भूमिकामा रहेर निर्देशकको भूमिका निर्वाह गर्न निर्देशन दिए । व्यक्तिले शान्त र एक्लै भएको बेला आफ्नो ब्रम्हले उचित र निष्पक्ष कार्य गरेको स्वमूल्यांकन गरेर गर्व महसुश गर्ने गरी काम गर्नु पर्ने देवकोटाको भनाई छ । जिल्ला समन्वय समितिले जिल्लामा रहेका स्थानीय तहलाई समन्वयकारी भूमिका निर्वाह गर्न पनि उनले निर्देशन दिएका छन् । राज्यका तीनै तहसँग समन्वय, विकास निर्माण अनुगमन, प्रकोप तथा बिपत् ब्यवस्थापन समन्वयमा समेत चुस्त रहनु पर्ने उनले सुझाव दिए । उनले विगतमा विकास गर्ने निकाय वर्तमानमा समन्वयको भूमिकामा रहेको बताउँदै यो भूमिकालाई न्यायोचितरुपमा अघि बढाउन आग्रह गरे । देवकोटाले कुनै दल र स्वार्थबिना मकवानपुरको माटो र जनचाहनालाई प्राथमिकतामा राखेर अघि बढ्न पनि सुझाव दिएका छन् । बोलेर होइन गरेर देखाउनु पर्दछ भन्ने लाइनमा उनले बर्तमानमा मानिस सुन्न होइन, देख्न चाहने बताएका छन् ।

जटिल परिस्थितिमा अनुकूलता खोज्न कुनै दल र स्वार्थबिना मकवानपुरको माटो र जनचाहनालाई प्राथमिकतामा राखेर अघि बढ्न हौसला मिलोस् भन्ने शुभकामना दिएका छन् । आफूलाई छिट्टै नै बागमती प्रदेशअन्तर्गतका १३ वटै जिल्लाको भौगोलिक अवस्था अवलोकनसहित कम्तिमा जिल्ला सदरमुकामसम्म पुग्ने ईच्छा रहेको सुनाउँदै उनले त्यो पहिलो अवसर मकवानपुर जिल्लाले जुराइदिएको बताए । तीनै तहका सरकारबीच अझै पनि अन्यौलता रहेको बताएका छन् । बागमती प्रदेशमा आवश्यक ऐन कानुन बनाउन र बनेको कानुन कार्यान्वयनको लागि कार्यविधि बनाउन ढिलासुस्ती भएको उनको भनाई छ । जनताको बदलिँदो आवश्यकता र सीमित श्रोतसाधनबीच तालमेल मिलाउन पनि सरकारहरुबीच समन्वयको आवश्यक रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस ६ गते शनिबार २१ डिसेम्बर २०२४ । षष्ठी, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:५२, सूर्यास्त ५:१२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : घरेलु समस्याले सताउनेछ | तुला | : विवाद बढ्न सक्नेछ |
| वृष | : आफन्तले धोका दिन सक्नेछन् | वृश्चिक | : उत्साह कम हुनेछ |
| मिथुन | : मनमा उमङ्ग बढ्नेछ | धनु | : कार्य-सिद्धिबाट सुख मिल्नेछ |
| कर्कट | : रमाइलो छोटो यात्रा हुनेछ | मकर | : उदर-विकार हुन सक्नेछ |
| सिंह | : काम गर्ने आत्मबल बढ्नेछ | कुम्भ | : परिवारमा उन्नति हुनेछ |
| कन्या | : अरुको विश्वास जित्न सकिनेछ | मीन | : काममा रोकावट आउन सक्नेछ |

# बेइजिङ भ्रमणले बसाएको मदन भण्डारी विश्वविद्यालयको जग



✍ बसन्त न्यौपाने

प्रधानमन्त्री केपी शर्मा ओलीले भर्खरै (मंसिर १७-२०) मित्रराष्ट्र चीनको औपचारिक भ्रमण सम्पन्न गर्नुभएको छ । चिनियाँ प्रधानमन्त्री ली छ्याङको निमन्त्रणामा बेइजिङ पुगेका ओलीको चौथो प्रधानमन्त्रित्वकालको यो पहिलो द्विपक्षीय वैदेशिक भ्रमण थियो । द्विपक्षीय राजनीतिक सम्बन्धकै पृष्ठभूमिमा विकसित उच्चस्तरीय वार्ता र द्विपक्षीय एजेन्डाका कोणबाट हेर्दा प्रधानमन्त्री ओलीको बेइजिङ भ्रमण अत्यन्त सफल र ऐतिहासिक रहेको छ । चिनियाँ र नेपाली अधिकारीले बीआरआईको कार्यान्वयन गर्ने सम्बन्धमा जुन सहमति जुटाउन सफल भए त्यो पक्कै पनि ऐतिहासिक रहेको छ र यसबाट नेपालले चिरकालसम्म लाभान्वित हुने अवस्थाको सिर्जना भएको छ ।

त्यसरी हेर्दा, भ्रमण सफल भएको छरु । बीआरआईमा देखिएको यो नेपाली टोलीको परिपक्वता र दूरगामी दृष्टिकोणले ओली टिमले यो सफलता प्राप्त गर्न सफल भएको हो । जुन नेपालको विदेश नीति र त्यसको सञ्चालनका लागि एउटा ऐतिहासिक मोड भएको छरु ।

यस लेखमा म ती सबै एजेन्डाका सन्दर्भमा छलफल चलाउन गइरहेको छैन, यद्यपि, चिनियाँ विकास सम्बन्धी परियोजनामा नेपालले सात वर्षअघि नै सहमति जनाइसकेको थियो । राजनैतिक उतारचढाव, शक्तिराष्ट्रको अनावश्यक दबाब तथा हस्तक्षेप र नेतृत्वको अनिच्छाले त्यसको कार्यान्वयन अघि बढेन । बरु भूराजनीतिक शक्तिहरूद्वारा सिर्जित 'डेब्ट ट्रयाप' को अनावश्यक बहसमा केही बुद्धिजीवी र नेताहरूले यसलाई उचाली व्याख्या गरी बीआरआईलाई प्रचार बाजीको 'ट्रयाप' मा पारियो ।

अन्ततः बेइजिङमा 'फ्रेमवर्क फर बीआरआई कोअपरेसन' समझदारी पत्रमा हस्ताक्षर भएको छ र अब यो कार्यान्वयनमा जानुपर्दछ । मैले यहाँ बीआरआईमा छानिएका १० परियोजना मध्ये विज्ञान र प्रविधिको क्षेत्रमा आवश्यक उच्चस्तरीय दक्ष र विश्वस्तरीय जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ स्थापना गर्न लागिएको मदन भण्डारी विश्वविद्यालयको सन्दर्भमा केही बहस चलाउन उचित सम्झी सुरु गरेको छु । नेपालको शैक्षिक विकासमा नवीनतम आयाम थप्ने उद्देश्य सहित स्थापना गरिएको मदन भण्डारी विश्वविद्यालय विज्ञान र प्रविधिका क्षेत्रमा उच्चस्तरीय दक्ष जनशक्ति उत्पादन गर्ने महत्वाकांक्षी संस्थाका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ । तसर्थ हामीले विगतका गल्ती र कमि-कमजोरीलाई यहाँ सुधार्नु जरूरी हुन्छ । विश्वविद्यालयले आधुनिक युगको मागलाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय मापदण्डका पाठ्यक्रम र शिक्षण विधिहरूलाई अंगीकार गर्नुपर्दछ । जसको लागि सोही अनुरूपको योजना, त्यसलाई कार्यान्वयन गर्ने समूह र प्रतिबद्धताको आवश्यकता पर्दछ ।

यस विश्वविद्यालयको मुख्य उद्देश्य भनेको विज्ञान, प्रविधि र व्यावसायिक शिक्षामा आधारित गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्नु हो । विश्वविद्यालयले विद्यार्थीसँग केवल सैद्धान्तिक ज्ञान प्रदान गर्ने मात्र नभई तिनीहरूलाई व्यावहारिक अनुभव र अनुसन्धानका माध्यमबाट समस्या समाधान गर्ने क्षमता प्रदान गर्न जोड दिएको छ । आधुनिक शिक्षण विधि र नवीनतम प्रविधिको प्रयोग गर्दै विद्यार्थीलाई सशक्त बनाउनु यसको प्राथमिकता हो । जसबाट देशले ठूलो लाभ लिन सक्दछ । नेपालले विश्वस्तरीय संस्थाको रूपमा विकास गरी एशियाकै मुख्य शैक्षिक तथा अनुसन्धानको केन्द्र बनाउने गरी अगाडि बढाउनुपर्दछ । अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यले प्रेरित, यो विश्वविद्यालयले अनुसन्धानको माध्यमबाट स्थानीय र वैश्विक चुनौतीको समाधान खोज्न सक्रिय भूमिका निर्वाह गर्ने गरी यसलाई विकास गरिनुपर्दछ ।

मदन भण्डारी विश्वविद्यालय नितान्त अध्ययन-अध्यापन गराउने परम्परागत विश्वविद्यालयको रूपमा नभएर ज्ञानलाई कर्मसँग जोड्दै, विश्व जगतलाई नवीनतम मार्गदर्शन गराउने गरी ज्ञानको ज्योति बाँड्ने प्रकाश पुञ्जको रूपमा विकास गरिनुपर्दछ । नेपालीको परम्परागत दक्षतालाई परिष्कृत गरी, सीपलाई उत्पादनसँग जोड्ने र उद्योग र शैक्षिक संस्थाबीच सहकार्य गर्ने क्षमतामा केन्द्रित रहने गरी विकास गर्न सक्दा मात्र हामीले सही रूपमा यो विश्वविद्यालयको स्थापनाको उद्देश्यलाई न्याय गर्न सक्छौं । विद्यार्थीलाई रोजगारमुखी बनाउन र तिनका सीप र ज्ञानलाई विश्वव्यापी मान्यता सहित प्रस्तुत गर्न विश्वविद्यालयले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उद्योग र संस्थाहरूसँग सहकार्य गर्ने, त्यो अनुरूपको गुणस्तरीय अध्ययन-अनुसन्धान गराउन सक्ने टिमको व्यवस्थापन गर्ने गर्दा मात्र हामीले सो अनुरूप यसलाई अगाडि बढाउन सक्छौं ।

अनुसन्धान र नवप्रवर्तनका क्षेत्रमा विशेष ध्यान दिने यो विश्वविद्यालयले आफ्ना विद्यार्थीलाई वैज्ञानिक खोज र प्रविधि विकासमा सहभागी गराउने उद्देश्य राख्नुपर्दछ । तसर्थ हामीले सुरुका दिनदेखि नै सही ढंगले योजना बनाउने, राष्ट्रिय आवश्यकता र विश्व परिवेशलाई नेतृत्व गर्ने गरिको पाठ्यक्रम निर्माण गर्ने, अध्ययन-अनुसन्धानलाई सहज बनाउन विद्यमान नीति-नियमको पुनरावलोकन गरी सहज बनाउने र केही गर्ने हुटहुटी भएका, आफ्नो क्षेत्रमा विद्वत्ता हासिल गरेका र देशमा बसेर नै सेवा गर्छु भन्ने युवाहरूलाई अगाडि बढाउन आवश्यक छ ।

मदन भण्डारी विश्वविद्यालय केवल एउटा शिक्षण संस्था मात्र नभई नेपाललाई आधुनिक युगसँग जोड्ने महत्वपूर्ण प्रविधि केन्द्रको रूपमा यसलाई स्थापित गर्नुपर्ने हुँदा हामीले यसलाई अत्यन्तै सावधानीपूर्वक हरेक निर्णय गर्नुपूर्व गहन विमर्श गरी सही निर्णय लिनुपर्ने हुन्छ । यसको शैक्षिक प्रयासहरूले नेपाली विद्यार्थीलाई अन्तर्राष्ट्रिय समुदायमा प्रतिस्पर्धा गर्न सक्षम बनाउने, विदेशी अनुसन्धानदाता तथा विद्यार्थीलाई आकर्षित गर्ने, एशियाको प्रमुख केन्द्र बनाउने तथा नेपालको विकासमा योगदान पुऱ्याउने उद्देश्य राखिएको हुँदा सोही अनुरूप यसलाई विकास गर्न जरूरी छ ।

नेपाल जस्तो विविध भौगोलिक बनावट भएको देशका लागि भूस्थानिक प्रविधिको महत्व अत्यन्त उच्च छ । यस प्रविधिको माध्यमबाट देशको भौगोलिक, पर्यावरणीय, सामाजिक र आर्थिक क्षेत्रका धेरै जटिल समस्या समाधान गर्न सकिन्छ । भूस्थानिक प्रविधिमा जीपीएस अर्थात् ग्लोबल पोजिसनिङ सिस्टम, जीआईएस अर्थात् जिओग्राफिक इनफर्मेशन सिस्टम र रिमोट सेन्सिङ जस्ता प्रविधि समावेश छन्, जसले भूभागको अध्ययन, डाटा विश्लेषण र समस्या समाधान गर्न सहयोग पुऱ्याउँछ ।

नेपालमा भूस्थानिक प्रविधिको प्रयोग मुख्यतः भौगोलिक योजना, पर्यावरणीय संरक्षण, विपद् व्यवस्थापन, सार्वजनिक स्वास्थ्य र पूर्वाधार विकास जस्ता क्षेत्रमा अलिअलि सुरु गरिएको छ । तथापि यसको प्रयोगले हामीले अथाह लाभ लिन सक्दछौं त्यसमा हामी पछि परिरहेको अवस्था छ । जबकि हाम्रै छिमेकी देश चीनले यो प्रविधिबाट अनेकन् फाइदा लिइरहेको छ । जसको प्रयोगबाट हामी विभिन्न जटिल समस्याको वैज्ञानिक दृष्टिकोणमा आधारित निर्णयहरू लिन र रणनीतिहरू बनाउन मद्दत गर्दछ । नेपालको आधुनिक शैक्षिक परिप्रेक्ष्यमा वैज्ञानिक अनुसन्धान र प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउँदै, मदन भण्डारी विश्वविद्यालयले मानव कल्याण र स्वास्थ्यको क्षेत्रमा भूस्थानिक प्रविधिको उपयोगलाई प्राथमिकतामा राख्न सकेमा भूस्थानिक प्रविधिले हाम्रो देशमा रहेको स्वास्थ्यको जुन समस्या छ त्यसलाई वैज्ञानिक तथा व्यावहारिक ढंगले समाधान गर्नमा सहयोग पुऱ्याउनुका साथै भूस्थानिक प्रविधि प्रयोग गरेर नयाँ-नयाँ समस्यासँग जुध्न सक्दछौं ।

भूस्थानिक प्रविधिलाई मानव स्वास्थ्य र कल्याणका लागि उपयोग गर्ने योजना, आधुनिक विज्ञान र प्रविधिको दिगो उपयोगका लागि एउटा उत्कृष्ट उदाहरण हो । विश्वविद्यालयले भूस्थानिक प्रविधिको माध्यमबाट स्वास्थ्य सम्बन्धी डाटा सङ्कलन, विश्लेषण र समाधान निर्माण गर्ने दिशामा नवीनतम कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । विशेषगरी, महामारी नियन्त्रण, पर्यावरणीय जोखिम मूल्याङ्कन र स्वास्थ्य सेवाको पहुँच सुधार जस्ता क्षेत्रहरूमा यसको ठोस प्रयोग र उपयोग हुँदै आइरहेको छ । भूस्थानिक प्रविधिको प्रभावकारिता प्रकोप व्यवस्थापनमा विशेष रूपमा महत्वपूर्ण छ तर सीमित स्रोत-साधन र जनशक्तिको अभावले हामीले नेपालमा यसलाई प्रभावकारी रूपमा उपयोग गर्न सकिरहेका छैनौं । पछिल्लो समयमा २०७२ को विनाशकारी भूकम्पपछि पुनर्निर्माण र प्रकोप व्यवस्थापनका लागि जोखिम नक्शा तयार गर्न यो प्रविधिको अधिकतम प्रयोग गरिएको थियो । यसले विपद् नियन्त्रण र पूर्वतयारीमा सहजीकरण गरेपछि अन्य क्षेत्रमा यसको उपयोगको सम्भावना अझ उजागर भयो । यसका साथै, वन व्यवस्थापन र जैविक विविधता संरक्षणमा पनि भूस्थानिक प्रविधिले ठोस योगदान दिएको छ । स्याटेलाइट डाटाको माध्यमबाट वन क्षेत्रको अनुगमन, वन कटान नियन्त्रण र जैविक विविधता संरक्षणका प्रयासहरू सहज भएका छन् । कृषि र भूमि उपयोगको सुधारका लागि पनि भूस्थानिक प्रविधिको उपयोग व्यापक हुँदै गएको छ । माटोको गुणस्तर विश्लेषण, जलवायु अनुकूलन र उपयुक्त खेती क्षेत्र पहिचान गर्न यस प्रविधिले महत्वपूर्ण भूमिका खेलेको छ । यो प्रविधिको प्रयोगबाट ग्रामीण र शहरी क्षेत्रको योजनामा सुधार गर्न सकिने सम्भावना समेत रहेको छ । थप रूपमा, स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न, महामारी नियन्त्रण गर्न र स्वास्थ्य सम्बन्धी डाटाको विश्लेषणका लागि भूस्थानिक प्रविधिले योगदान पुऱ्याएको छ ।

तर, नेपालमा भूस्थानिक प्रविधिको उपयोगसँगै विभिन्न चुनौती पनि छन् । आधुनिक उपकरण र तालिम प्राप्त दक्ष जनशक्तिको अभावले यसको प्रभावकारी प्रयोगमा बाधा पुगेको छ । गुणस्तरीय डाटा व्यवस्थापन र सरकारी तथा गैरसरकारी संस्थाहरूबीच सहकार्यको अभावले पनि प्रविधिको उपयोगलाई सीमित बनाएको छ । यद्यपि, भविष्यमा भूस्थानिक प्रविधिको प्रभाव विस्तार गर्न शिक्षालयहरूमा यस सम्बन्धी पाठ्यक्रम सञ्चालन, दक्ष जनशक्ति विकास र नीति निर्माणको आवश्यकता छ ।

नेपालको विकासमा भूस्थानिक प्रविधिले कृषि, स्वास्थ्य, शिक्षा, पूर्वाधार र पर्यावरणीय व्यवस्थापनका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । यसको प्रभावकारी उपयोगले दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न मद्दत गर्दै, नेपाललाई समृद्ध र प्रगतिशील मुलुकका रूपमा स्थापित गर्न सहयोग गर्नेछ । भूस्थानिक प्रविधि नेपालको भविष्यका चुनौतीको सामना गर्न र नयाँ अवसरहरूको ढोका खोल्न एक प्रभावकारी माध्यम बन्न सक्ने सम्भावना बोकेको छ । भूस्थानिक प्रविधिले स्वास्थ्य सम्बन्धी समस्या समाधान गर्न भू-डाटा र जीआईएस जस्ता उपकरणहरूको प्रयोग मार्फत ठोस समाधान प्रस्तुत गर्दछ । मदन भण्डारी विश्वविद्यालयले मानव जीवनका विविध पक्षहरू, जस्तै स्वास्थ्य सेवा, पर्यावरणीय स्वच्छता र प्राकृतिक प्रकोपहरूको नियन्त्रणमा अति उपयोगी हुने यस्ता नवीनतम प्रविधिको क्षेत्रमा आफूलाई अब्बल बनाउन जरूरी छ, तसर्थ पाठ्यक्रम विकास गर्दा यसलाई ध्यानमा राख्न जरूरी छ । विशेष रूपमा, ग्रामीण तथा दुर्गम क्षेत्रका मानिसहरूलाई स्वास्थ्य सेवाको पहुँचको मूल्याङ्कन, स्वास्थ्य सेवाको वितरण प्रणालीको अनुगमन र सार्वजनिक स्वास्थ्यमा प्रकोप व्यवस्थापनका लागि भूस्थानिक प्रविधिलाई सशक्त उपकरणका रूपमा प्रयोग गरिनेछ ।

यसले केवल स्वास्थ्य सेवाको पहुँच सुधार गर्ने मात्र नभई, नेपाल जस्ता देशका विविध भौगोलिक चुनौती समाधान गर्न पनि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । मानव स्वास्थ्य र कल्याणका लागि भूस्थानिक प्रविधिको उपयोगमा मदन भण्डारी विश्वविद्यालयको एक अग्रणी पहल हुनुपर्दछ । यसले केवल स्वास्थ्य र पर्यावरणीय समस्या समाधान गर्न सहयोग गर्ने मात्र नभई, नेपाललाई आधुनिक प्रविधिको उपयोगमा सशक्त राष्ट्रका रूपमा स्थापित गर्न पनि मद्दत गर्नेछ ।

*(साभार: अनलाइनखबर)*

# नेपालमा वित्तीय संघीयताको आवश्यकता र महत्व

✍ गम्भीरबहादुर हाडा

संसारका संघीय देशहरुमा तीन किसिमका सरकार हुन्छन् भने एकात्मक खालको राज्यमा केन्द्र र स्थानीय गरी दुई तहका सरकार मात्र हुन्छन् । स्थानीय सरकार पनि विभिन्न प्रकारका हुने गर्छन् । जस्तो- जिल्ला, महानगर, नगर र गाउँ । यी विभिन्न प्रकारका सरकारमध्ये माथिल्लो सरकारले तल्लो सरकारलाई कामको अधिकार दिँदा विभिन्न तरिकाले दिने गर्दछ । पहिलो- केन्द्रले आफ्ना कार्यालयहरुमार्फत स्थानीय तहमा काम गर्ने, दोस्रो- केन्द्रले मातहत कार्यालयहरुलाई अधिकार दिई त्यसैमार्फत काम गराउने र तेस्रो- केन्द्रले स्थानीय तहमा स्वायत्त सरकार गठन गराई त्यसलाई अधिकार प्रक्षेपण गर्ने । वित्तीय संघीयता यी तीन किसिमका सरकारमध्ये तेस्रो प्रकारको सरकारसँग सम्बन्धित रहेको हुन्छ ।

वित्तीय संघीयता भनेको कसले के गर्ने, कसले कर लगाउने, आम्दानी र खर्चबीचको असन्तुलन कसरी हटाउने, राजस्वलाई नियमित कसरी बनाउने र कस्तो संरचनाले यो काम गर्न सक्छ भन्ने सम्बन्धमा गरिएको सहमति हो । विकेन्द्रीकरणविना यो सम्भव छैन । यो स्थानीय निकायलाई साधन र स्रोतको व्यवस्था गर्दै उनीहरुलाई आर्थिक हिसाबले सुदृढ बनाउने कामसँग सम्बन्धित छ । आत्मनिर्भरताविनाको स्वायत्तताको कुनै अर्थ रहँदैन । सामान्य अर्थमा आर्थिक र वित्तीय विषयहरुलाई संविधान, कानुन र अभ्यासमा व्यवस्थित गर्ने कार्यलाई वित्तीय संघीयता भनिन्छ । वास्तवमा यसमा मौद्रिक नीति, कर, भन्सार र वाणिज्यसँग सम्बन्धित विषयहरु जोडिएका हुन्छन् । समग्रमा सरकारले अर्थ संकलन गर्ने, कानुनको सीमा, परिधि र प्रक्रियाभित्र संग्रह एवं खर्च गर्ने/गराउने संयन्त्र नै वित्तीय संघीयता हो । विभिन्न तहको खर्च जिम्मेवारी, राजस्व व्यवस्था, राजस्व साझेदारी तथा ऋणको संयुक्त स्वरुपलाई संघीय वित्तीय व्यवस्था भनिन्छ । कानुनको शासनमा सबै काम कानुनबमोजिम हुनुपर्छ । तसर्थ राजस्व परिचालन, स्रोत बाँडफाँड र बजेट निर्माणजस्ता कार्यहरु कानुनबमोजिम गरी समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी वित्तीय संघीयताको कार्यान्वयन गर्नुपर्छ ।

संघीयता कार्यान्वयनको महत्वपूर्ण आधार वित्तीय संघीयता हो । वित्तीय संघीयता अर्थराजनीतिक विषय पनि हो । वित्त व्यवस्थापनका प्रमुख आयामहरु मौजुदा स्रोतको कुशलतम् विनियोजनको विषयमा तल्ला तहका सरकारहरुको संलग्नता र भूमिका बढी हुन्छ । वास्तवमा संघीयताको सबल कार्यान्वयन गरी नागरिकलाई अधिकार सम्पन्न, जिम्मेवार, उत्तरदायी र आवश्यकताको पहिचान र पूर्तिको केन्द्रविन्दुमा राख्न वित्तीय संघीयता कार्यान्वयनका यी आयामहरु प्रमुख आधारहरु हुन् । संघीयताको आधारभूत पक्ष र कार्य जिम्मेवारी विभाजन र खर्च व्यवस्थापन हो । संघीयता अवलम्बन गरेका विश्वका सबै देशहरुमा खर्चको जिम्मेवारी कानुनद्वारा स्पष्ट गरिएको हुन्छ ।

नेपालको सन्दर्भमा नेपालको संविधानमा तीन तहका सरकारहरुको जिम्मेवारी र अधिकार स्पष्ट गरिएको छ । विशेष गरी आर्थिक वित्तीय, प्राविधिक र अन्तर्राष्ट्रिय सम्बन्धसमेतको आधारमा हेर्दा संघ, प्रदेश र स्थानीय तहको कार्यहरुको प्रकृति पनि फरक-फरक रहन्छ । संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार प्रयोगको लागि अलग-अलग आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गरी संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषसमेत तिनै तहको स्रोत परिचालन, कोष व्यवस्थापन, खर्च निकासा पद्धति, जाँच परीक्षणलगायतका वित्त व्यवस्था कार्यहरुलाई संवैधानिक प्रत्याभूति प्रदान गरेको छ । नेपालको संविधानबमोजिम वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारलाई दिएको छ । नेपाल सरकारको स्वीकृतिमा प्रदेशले पनि लिन पाउने व्यवस्था छ । साथै अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले वैदेशिक सहायता परिचालनका क्षेत्रहरु स्पष्ट तोकेको छ । संघीयताको सफल कार्यान्वयनको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय संघीयताको कानुनी आधारको रुपमा नेपालको संविधान र अन्य कानुनहरु कार्यान्वयनमा छन् भने केही द्विविधाहरुको निराकरणका लागि कानुन बनेर संशोधन हुने प्रक्रियामा रहेका छन् । नेपालको संविधानको धारा ४ अनुसार नेपाल स्वतन्त्र, अभिराज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । धारा ५६ मा राज्यको संरचना संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी ३ तह हुने व्यवस्था छ । त्यस्तै धारा ५७ मा राज्यशक्तिको बाँडफाँड अनुसूची ५, ६, ७, ८, ९ मा व्यवस्था भए अनुरुप एकल तथा साझा अधिकारहरु संविधान र संघ, प्रदेश र स्थानीय कानुनबमोजिम प्रयोग गर्ने व्यवस्था रहेको छ । धारा ५८ मा अवशिष्ट अधिकारको प्रयोग गर्न संघलाई तोकिएको छ । त्यसै गरी धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति र योजना तयार गर्ने र त्यसको कार्यान्वयनको अधिकारको सुनिश्चितता गरिएको छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अन्तर्गत नेपाल सरकार, प्रदेश र स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँड, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासनसम्बन्धमा आवश्यक व्यवस्थापन गर्न बनेको ऐन हो । यस ऐनका प्रमुख प्रावधानहरुमा राजस्वसम्बन्धी कर, गैर कर तथा रोयल्टी लगाउन सक्ने, गैरकरका आधार निर्धारण गर्ने, एकल कर, गैरकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क बाँडफाँड, सवारीसाधन करको बाँडफाँड र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँड, अनुदानसम्बन्धमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान, नेपाल सरकारले ससर्त, समपूरक विशेष अनुदान दिने व्यवस्था रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत यस ऐनले स्थानीय तहलाई घर वा घरले चर्चेको जग्गामा सम्पत्ति कर अन्य जग्गामा भूमिकर लगाउने, भवन, पसल, ग्यारेज, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी बहाल रकममा कर लगाउने, पूँजीगत लगानी वा आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने, बहाल बिटौरी कर लगाउने, पार्किङ शुल्क लगाउने, जडीबुटी, कवाडी र जीवजन्तु संकलन हुने स्थानको स्थानीय तहले यी वस्तुमा कर लगाउन सक्ने अधिकार प्रदान गरेको छ । समपूरक अनुदान कार्यविधि २०७५, विशेष अनुदान कार्यविधि २०७५, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको स्रोतका बाँडफाँडसम्बन्धी सिफारिसले पनि वित्तीय पक्षलाई प्रभाव पार्दछ ।

वित्तीय संघीयता कार्यान्वयनमा तीनवटै तहका व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संसदीय समितिहरु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला संस्थाहरुको भूमिका रहेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

नेपाल प्रिमियर लिग

# नीशमको भरमा जनकपुरको फाइनल यात्रा, ब्याटिङको चिन्ता कायमै



काठमाडौं/जनकपुर बोल्ट्स नेपाल प्रिमियर लिग एनपीएलको फाइनलमा प्रवेश गऱ्यो । दोस्रो क्वालिफायरको रोमाञ्चक 'लो स्कोरिङ थ्रिलर'मा जनकपुरले कर्णाली याक्सलाई २ विकेटले पराजित गऱ्यो । कर्णालीले दिएको ११९ रनको लक्ष्य ८ विकेटको क्षतिमा पूरा गरेको जनकपुरलाई आज पनि टप अर्डर को साथ मिलेन । ओपनिङ जोडीमा फेरि परिवर्तन गरेको जनकपुरले आज पनि पावरप्लेमै ३ विकेट गुमाउँदा २६ रन मात्र जोडेको थियो ।

जिमी नीशमले ४५ रनको इनिङ खेल्दै जनकपुरको जितको आधार तय गरेका थिए । फिनिसिङ नगरेपनि आजको खेल जितनमा उनकै भूमिका सबैभन्दा महत्वपूर्ण देखिएको थियो जहाँ उनले बलिङबाट पनि २ विकेट लिएका थिए । १७ बलमा ४५ रन बनाएर आउट भएका नीशम पेभेलियन फर्किंदा जित लगभग सम्भवजस्तै भइसकेको थियो । तर पनि खेलमा केही रोमाञ्चकता बाँकी नै थियो । नीशम आउट भएकै ओभरमा मोहमद मोहसिन पनि आउट भएपछि शेर मल्लले एक छक्कासँगै विजयी रन पनि प्रहार गरेका थिए । एक ओभर अगावै जितेको भएपनि ८ विकेट भने गुमेको थियो ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको कर्णालीले ९ विकेट गुमाएर ११८ रन बनाएको थियो । इलिमिनेटरमा अर्धशतक बनाएका जयकिशन कोल्सावाला आज चल्न सकेनन् । मिडल अर्डरबाट पनि धेरै रन नबनेपछि कर्णाली मध्यम योगफलमा रोकिएको थियो ।

### ब्याटिङ अर्डरमा परिवर्तन तर फेरि फ्लप

जनकपुर बोल्ट्सले अब शनिबारको उपाधि भिडन्तमा सुदूरपश्चिम रोयल्ससँग खेल्ने पक्का भयो । तर जुन फर्ममा जनकपुर फाइनलमा पुगेको छ त्यो सुदूरपश्चिमको टिमभन्दा ठ्याक्कै विपरित देखिएको छ । जनकपुरको मुख्य चिन्ता अहिले ब्याटिङमा देखिएको छ । सुरूवाती चार खेलमा लगातार जित निकाल्दा तीन खेलमा टप अर्डरले नै गेम फिनिस गरेका थिए । विशेषगरी तिनवटै जितमा दुईमध्ये एक ओपनर र लाहिरु मिलान्थाले उत्कृष्ट प्रदर्शन गरेका थिए । मिडल अर्डर एक्सपोज हुनै पाएको थिएन ।

तर त्यसपछिको खेलमा सुदूरपश्चिमसँग ५१ रनमा अलआउट भएपछि जनकपुरको टप अर्डर सुस्ताउँदा मिडल अर्डरमा दबाब थपिएको थियो । त्यसपछिका सबै जित जनकपुरका लागि सहज रूपमा आएको छैन । अफ्र प्लेअफदेखि चोटका कारण टिमबाहिर रहेका कप्तान तथा ओपनर अनिल शाह नहुँदा ओपनिङको विकल्पमा २ वटा फरक प्रयोग भइसकेको छ । बुधबार मिलान्था र आसिफलाई ओपनर गराएर आकाश त्रिपाठीलाई निकै तल खेलाइएको थियो ।

बिहीबारको महत्वपूर्ण खेलमा जनकपुरले ओपनिङ जोडीमा फेरि परिवर्तन गर्दै आसिफको जोडी शुभ कंसाकारलाई पठायो । तर दुवै सस्तैमा आउट भए । त्यसपछि आएका मिलान्था पनि २ रनमा आउट भएका थिए भने २ डाउनमा आएका आकाशले पनि उल्लेख्य योगदान दिन सकेनन् ।

हर्ष थाकरले पनि ठुलो इनिङ खेल्न नसक्दा जिमी नीशमले दबाबका बीच फियरलेस क्रिकेट खेल्दै जनकपुरलाई सीमापार गराउन मद्दत गरे । उनले सुरूवातमै एक जीवनदान समेत पाएका थिए । त्यसपछि मनोबल अफ्र बढ्दा उनले ५ छक्का र २ चौका प्रहार गरे ।

### नीशमको भरमा फाइनलमा

जनकपुरका पछिल्ला खेलहरूमा सबैभन्दा बढी योगदान न्युजिल्याण्डका खेलाडी जिमी नीशमको छ । टप अर्डर नचल्दा नीशमले पूरा दबाब आफैंले लिएर जनकपुरका लागि म्याच विनिङ पारी खेलिरहेका छन् । बलिङमा पनि अन्यबाट विकेट नआएका बेला उनले ब्रेक-थ्रु दिलाइरहेका छन् । प्रतियोगितामा ६ विकेट लिइसकेका छन् । बिहीबारको जितमा ११९ रनको लक्ष्य पछ्याउँदा जनकपुर १०औं ओभरमा ४१-४ को अवस्थामा खुम्चिएपछि ब्याटिङमा आएका नीशमले आज पनि चार्ज लिँदै १७ बलमा ४५ रन बनाएका थिए ।

जनकपुरको टिममा ब्याटिङको चिन्ता नहट्दा जिमी नीशमको भरमा पुगेको फाइनलमा राम्रो प्रदर्शन गर्नका लागि निकै मेहेनत गर्नुपर्ने देखिन्छ । नीशमले लिग चरणको अन्तिम खेलम चितवनसँग पराजित भएको खेलमा ६५ रन बनाएका थिए भने त्यसअघि काठमाण्डुविरुद्ध १०२ रन पछ्याउने क्रममा २७ रन बनाएका थिए जतिबेला पनि टिम ब्याटिङमा संघर्ष गरिरहेको थियो ।

नीशमकै ब्याट सधैं चल्छ भन्ने पनि हुँदैन । उनी फिनिसिङमा पोख्त भएकाले ठुला शटहरू त खेल्छन् तर त्यति नै रिस्क उनी आउट हुन सक्ने कुराको पनि हुन्छ । त्यसकारण नीशमलाई साथ दिने कोही न कोही स्टेप अप भएर आउनुपर्छ ।

सुदूरसँग ५१ रनमा अलआउट भएको दिनमै पनि अनिलले भनिरहेका थिए ब्याटरहरू गलत शटहरू खेलेर आउट भइरहेका छन् भनेर । जनकपुरले त्यति एउटा कुरामा सुधार गरे मात्र पनि धेरै राम्रो हुनेछ । टप अर्डरको राम्रो साथ पाउन सकेमा जनकपुरका लागि मिडल अर्डरमा ब्याटरहरूले दबाब नलिइकिन फ्रि शटहरू खेलन पाउँछन् । लाइनअप बलियो देखिएको भएपनि जनकपुरले लय गुमाउँदै गइरहेको छ ।

बिहीबारको खेलमा म्यान अफ दि म्याच भएका नीशमले पनि टप अर्डर ब्याटिङ पावरप्लेमा कमजोर देखिएको बताएका थिए । 'हाम्रो ब्याटिङ पावरप्लेमा कमजोर देखिएको छ, त्यसलाई सुधार गर्नुपर्ने छ, हामीलाई समर्थन गर्न धेरै फ्यानहरू आएका छन् उनीहरूका लागि ट्रफी जित्न सकिन्छ भन्नेमा आशावादी छु' उनले भनेका छन् ।

ब्याटिङ फितलो देखिएपनि बलिङमा जनकपुरको अवस्था ठीकठाक छ । ललित राजवंशीले निरन्तर रूपमा विकेट लिइरहेका छन् भने मोहमद मोहसिन र हर्श थाकरले पनि राम्रो बलिङ गरिरहँदा जिमी नीशम र पार्ट टाइमर शेर मल्लले सोचेभन्दा राम्रो बलिङ गरिरहेका छन् ।

### सुदूरसँग तेस्रोपटक खेल्दै

फाइनलमा सुदूरपश्चिमसँगको भेट पक्का गरेको जनकपुरले तेस्रोपटक सुदूरसँग खेल्दै छ । लिग चरणमा लज्जास्पद हार व्यहोरेको जनकपुरले बुधबार मात्र पहिलो क्वालिफायरमा हार व्यहोरेको थियो । सुदूरसँग व्यहोरेका दुवै हारमा जनकपुरको ब्याटिङ फितलो देखिएको थियो । लिग चरणमा ५१ रनमा समेटिएको जनकपुरले बुधबार पनि १३९ रनको स्कोर खडा गरेको थियो जसलाई सुदूरले पूरा गर्दै फाइनलमा सोझै स्थान बनायो ।

सुदूरपश्चिम यस प्रतियोगितामा उत्कृष्ट लयमा देखिएको छ । सुदूरको फर्म हेर्दा जनकपुरले सुदूरलाई हराउन मेहेनत गर्नुपर्ने देखिन्छ । सुदूर पश्चिम ब्याटिङ, बलिङ र फिल्डिङ तीनवटै पक्षमा बलियो देखिएको छ ।

सुदूर र जनकपुरबीच यसअघि भएका खेलहरूलाई 'हाइ भोल्टेज'को रूपमा हेरिएपनि जनकपुरबाट त्यति चार्ज निस्किन सकेको थिएन । यद्यपी जनकपुरले आफ्नो कमजोरीहरूलाई सुधारेर चूनौति पेश गर्न सके अबको भेट भने साँच्चिकै 'हाइ भोल्टेज' हुन सक्छ ।

फाइनल खेलको टिकटहरू केही समयमा नै सोल्ड आउट भइसकेको खबर बाहिरिँदा शनिबारको दिन त्यसमाथि पनि सुदूर र जनकपुरको खेल हेर्न दर्शकको ओइरो लाग्ने निश्चित छ ।

जनकपुरका कप्तान आसिफ शेखले बुधबार पहिलो क्वालिफायरमा पराजित भएपनि फाइनलमा फेरि सुदूरपश्चिमलाई भेटेर पराजित गर्नेमा आशावादी रहेको बताएका थिए । त्यस्तै सुदूरका कप्तान दिपेन्द्रसिंह ऐरीले पनि सुरूवातदेखि नै फाइनल जित्ने माइन्डसेटले आएको बताएका थिए ।

जनकपुरले सुदूरसँगको पछिल्ला दुई हारबाट पाठ सिकेर कमजोर पक्ष सुधार्दै सुदूरलाई तेस्रोपटकमा स्तब्ध पार्नेछ वा सुदूर नै तेस्रोपटक हावी हुनेछ त्यो हेर्न भने अब धेरै समय कुर्नुपर्ने छैन ।

*(स्रोत: अनलाइनखबर)*

# सनसनी मच्चाएका १६ वर्षीय विपिन



काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) सुरु हुँदैगर्दा टीम कर्णाली याक्सको खुबै चर्चा थियो । किनकि चार वटा खेलकै लागि भएपनि उसले विश्व स्टार क्रिकेटर शिखर धवनलाई मैदानमा उतारेको थियो । तर दोस्रो क्वालिफायरमा बिहीबार जनकपुर बोल्ट्ससँग पराजित हुँदै उपाधि होडबाट कर्णाली याक्स बाहिरिँदा अर्को क्रिकेटर चर्चामा छन्, विपिन प्रसाद शर्मा ।

जबकी एनपीएलका लागि टिम बनिरहँदा अक्सनमा समेत उनको नाम थिएन । कर्णालीले १६ वर्षीय बायाँहाते लेग स्पिनर शर्मालाई ट्यालेन्ट हन्टबाटै टिममा राखेको थियो । कर्णालीबाटै क्रिकेट खेलिरहेका ५ क्रिकेटरमध्ये उनलाई छनोट गरिएको थियो । यो प्रक्रियामा ९३ क्रिकेटर बाट उत्कृष्ट १५ अनि ५ हुँदै विपिन कर्णालीको आइकोनिक खेलाडीका रुपमा टिम कर्णाली याक्समा प्रवेश पाएका थिए ।

तिनै शर्माको चर्चा अहिले कर्णाली याक्स भन्दा बढी भइरहेको छ । चर्चाको कारण प्रष्ट छ, उनको सनसनीपूर्ण बलिङ । एनपीएलमा ८ खेल खेल्दा १३ विकेट लिएर उनी लिगमा सर्वाधिक विकेट लिने बलरको चौथो स्थानमा छन् । यो उपलबुधी उनले कर्णालीको दोस्रो खेलयता बनाएका हुन् । पहिलो खेलमा उनलाई बेञ्चमा राखिएको थियो । तर दोस्रो खेलमै मौका पाइहाले । त्यसपछि उनको उत्कृष्ट प्रदर्शनका कारण पहिलो रोजाईंमा अनिवार्य सदस्य बने ।

बिहीबारको दोस्रो क्वालिफायरमा कर्णाली याक्स जनकपुर बोल्ट्ससँग २ विकेटले स्तब्ध हुनुपऱ्यो । तर कर्णाली पराजित भएपनि विपिनले आफ्नो बलियो प्रभाव छाडे । उनले जनकपुरको महत्त्वपूर्ण ३ विकेट लिए । दोस्रो ओभरमै बलिङ गर्न आएका विपिनले जनकपुरका शुभ कंशाकारको विकेट लिँदै विपक्षीलाई दबाब सिर्जना गरे । उनी यतिमै रोकिएनन् । १५.३ ओभरमा विपिनले जेम्स निशमको विकेट लिँदा खेलले नै नयाँ मोड लिएको थियो । किनकि दबाबमा परिरहेको जनकपुरलाई जितउन्मुख गराउन १७ बलमा विस्फोटक ब्याटिङ गर्दै ४५ रन जोडिसकेका थिए । उनै निशमलाई विपिनले बोल्ड गरिदिए ।

११९ रनको मध्यम लक्ष्य पछ्याएका जनकपुरलाई विपिन असाध्यै ठूलो भारी बने । यद्यपी खेल जनकपुरले २ विकेटले जित्यो । खेलपछि मिडियासँग कुरा गर्दै विपिनले केही दिनअघि निशमसँग भेटेको र विकेट आफूले लिने बताएको पनि सुनाए । 'अस्तिको भेटमा पनि मैले निशमलाई आउट गर्छु भनेको थिएँ, उसले 'फ्यान्टास्टिक' भनेको थियो', विपिनले खुसी हुँदै सुनाए, 'अहिले अफ गरेँ ।' व्यक्तिगत रुपमा आफूले उत्कृष्ट खेले पनि टिमले हार्दा भने विपिन खुसी देखिएनन् । तर उनको बलिङले नेपाली क्रिकेट समर्थक खुशी देखिएका छन् ।

हुनपनि विपिन कुनैपनि खेलमा विकेटविहीन भएनन् । चितवन राइनोजविरुद्धको खेलमा ३ विकेट लिएर सबैको आँखामा परेका थिए । चितवनका महत्त्वपूर्ण विदेशी खेलाडी सोहेल तनभिर, लफ्टी इटन र अमर राउटेलाको विकेट लिएका थिए । आफ्नो पूरा ४ ओभर बलिङ गरेका उनले ३ विकेट लिएर जम्मा २१ रन दिएका थिए । त्यसअघि कर्णाली काठमाडौं विरुद्ध मैदानमा उत्रिएका थिए । उक्त खेलमा काठमाडौंसँग ३ विकेटले पराजित भए पनि विपिन कार्कीले १ विकेट लिएका थिए । उनले भुवन कार्कीको विकेट लिएका थिए ।

एनपीएलमा कर्णालीको तेस्रो खेलमा पनि उनी रोकिएनन् । विराटनगर किंग्समाथि ७ रनले रोमाञ्चक जित निकाल्ने क्रममा उनको २ विकेटको योगदान रह्यो । उनले विराटनगरका महत्त्वपूर्ण विदेशी खेलाडी मार्टिन गप्टिललाई १८ रनमै रोक्न सफल भए । त्यही खेलमा उनले लोकेश बमलाई पनि विकेट लिँदै पेभेलियन फर्किन बाध्य पारे । एनपीएलमा एकमात्र शतक प्रहार गरेका पोखरा एभेन्जर्सका एन्ड्रिज गौसको पनि विपिनले विकेट लिए । लिग चरणको १७ औं म्याचमा ७ विकेटको फराकिलो अन्तरले पराजित गर्ने क्रममा उनले गौसको विकेट लिएका थिए ।

विपिन लिग चरणमा जति पनि बलिङ गरेका छन्, खाली हात फर्किनु परेन । उनी सम्मिलित टिमले लुम्बिनी लायन्सलाई लिग चरणमा ५ रनले पराजित गरेको थियो । त्यसमा पनि विपिनले नै १ विकेट लिएका थिए, त्यो पनि विदेशी खेलाडी बेन कटिङलाई सस्तैमा समेटे । लिग चरणको अन्तिम खेल कर्णालीले सुदूरपश्चिम रोयलससँग खेलेको थियो । ६ विकेटले हार व्यहोरे पनि उनले १ विकेट लिए । इलिमिनेटर अन्तर्गतको खेलमा कर्णालीले चितवन राइनोजमाथि २१ रनको जित निकाल्यो । त्यसमा पनि उनले १ विकेट लिएका थिए । उनले चितवन राइनोजका कप्तान समेत रहेका कुशल मल्ललाई पेभेलियन फर्काएर टिमलाई सहज जिततर्फ अग्रसर गराए ।

एनपीएलका लागि ट्यालेन्ट हन्टबाट छानिएर पहिलो पटक अभ्यासका लागि आउँदा आफू नर्भस विपिनले खेलपछिको पत्रकार सम्मेलनमा बताए । 'सबै दाइहरूलाइ देखेर नर्भस नै थिएँ । तर सबैले मलाई कम्फर्ट बनाइदिनुभयो', उनले भने, 'त्यसपछि त मेरो कन्फिडेन्स बुस्ट हुँदै गयो ।' प्रतियोगितामा आफूले शिखर धवनजस्ता खेलाडीसँग खेल्न पाउँदा नै धेरै कुरा सिक्ने मौका पाएको पनि विपीनले छुटाएनन् । 'धवनसँग एउटै क्रिजमा पुग्नु नै हाम्रो लागि ठूलो कुरा हो । त्यति भए पनि बलरको मनमा पनि धेरै कुरा आउँछ', उनले भने, 'धवन सरले खेल सबै दिमागबाटै खेल्ने हो भनेर सिकाउनुभाको थियो ।'

घरेलु लिग खेलिरहेको आफूजस्तो खेलाडीलाई प्रशिक्षक ज्ञानेन्द्र मल्ल लगायतले धेरै सहयोग गरेको विपिनको भनाइ छ । 'यो ठूलो कुरा हो मेरा लागि । मैले पनि त्यो अवसर सदुपयोग गर्न सकें, यसमै खुसी छु', उनले भने । ट्यालेन्ट हन्टदेखि एनपीएलको मैदानमा उत्कृष्ट देखाउँदासम्म उनको खेल प्रदर्शनको व्यापक चर्चा चुलिएको छ । अर्थात् उनले छोटो समयमै व्यापक 'हाइप' पाएका छन् । तर, उनी आफूलाई यो चर्चाले खेलमा असर नपार्ने बताए । 'हाइपमा पुगिस् के गर्छस् ? भनेर धेरैले सोधिराखेका छन् । यस्ता धेरै खेलाडी हुन्छन्, जो आउँछन्, हराउँछन् । म त्यो खेलाडी बन्न चाहन्नँ', विपिन भन्छन्, 'मलाई धेरै हाइप पनि चाहिन्न । प्रोसेस फलो गर्छु, जे हुन्छ, आफैं हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# प्रकाश सपूतले सकाए 'वसन्त'को छायांकन, चैत्र २२ मा हुनेछ रिलिज



काठमाडौं/गायन हुँदै अभिनयमा होमिएका प्रकाश सपूतले आफ्नो पहिलो निर्देशकीय फिल्म 'वसन्त'को छायांकन सकाएका छन् । बुधबार काठमाडौंको ठमेलमा अन्तिम दृश्य खिच्दै फिल्म प्याकअप भएको हो । काठमाडौंसहित बाग्लुङ, वीरगञ्ज, हेटौंडा र पथलैयामा ३८ दिन फिल्मको छायांकन भएको जनाइएको छ । फिल्मको धेरैजसो छायांकन प्रकाशकै गृहजिल्ला बाग्लुङ क्षेत्रमा भएको छ ।

आगामी चैत्र २२ गते अर्थात् चैते दशैंलाई 'वसन्त'को प्रदर्शन मिति घोषणा भइसकेको छ । फिल्ममा निर्देशक सपूत स्वयं मुख्य भूमिकामा छन् । उनको जोडी भएर अभिनेत्री स्वस्तिमा खड्का प्रस्तुत छिन् । यसअघि उनीहरुले दुई गीत 'जाले रुमाल फाट्यो' र 'कुरा बुझ्नु पर्छ'मा सहकार्य गरेका थिए । उनीहरुबीचको अन्तरजातीय प्रेमकथामा फिल्म आधारित छ ।

यसमा प्रकाश र स्वस्तिमासँगै प्रभात पाल ठकुरी, खड्क बहादुर पुन, शिवांशी श्री, अनुप बराल, कमलमणी नेपाल, प्रकाश घिमिरे लगायतको पनि अभिनय छ । प्रकाश स्वयंको लेखन तथा संगीत रहेको फिल्मलाई सुसन प्रजापतिले खिचेका हुन् । गलबन्दी प्रोडक्सनको प्रस्तुति रहेको फिल्ममा मोहन विश्वकर्मा, अनुरोध भट्टराई र नाना थकाली कार्यकारी निर्माताको रुपमा छन् ।

गत बैशाखमा फिल्मको घोषणा गर्दा सार्वजनिक गरिएको टिजरले फिल्मको कथावस्तुबारे प्रकाश पारेको थियो । जात व्यवस्थाले पिलिसएको एउटा तप्काको कथा फिल्मले भन्नेछ । यसमा प्रकाश कथित तल्लो जातको युवकको भूमिकामा छन् भने स्वस्तिमाले कथित उच्च जातकी युवतीको भूमिका निभाएकी छन् । फिल्मले जात व्यवस्थामाथि प्रश्न गर्दै दुई पात्रको प्रेमकथा प्रस्तुत गर्नेछ ।

# आमा बनिन् नन्दिता, अमेरिकामा दिइन् छोरालाई जन्म




काठमाडौं/अभिनेत्री नन्दिता केसी आमा बनेकी छन् । गत वर्ष डा. अरविन्द्र कटवालसँग विवाह बन्धनमा बाँधिएकी उनले पहिलो सन्तानको रुपमा बुधबार छोरालाई जन्म दिएकी हुन् । उनले सामाजिक सञ्जालमा एक पोस्टमार्फत् सन्तान प्राप्तिको खुसी साटेकी छन् । उनलाई श्वेता खड्का, यूना उप्रेती, उषा पौडेल लगायतका कलाकारहरूले बधाई दिएका छन् ।

अमेरिकामा बस्दै आइरहेकी नन्दिताले गत भदौमा बेबी बम्पसहितको तस्वीर सार्वजनिक गर्दै आफू आमा बन्न लागेको जानकारी गराएकी थिइन् । उनको विवाह गत फागुन १९ गते काठमाडौंमा भएको थियो ।

विवाहका लागि अमेरिकाबाट नेपाल आउने क्रममा उनले क्यानडाको एक पार्कमा इन्गेजमेन्ट गरेकी थिइन् । नन्दिताका श्रीमान् अरविन्द्र पेशाले चिकित्सक हुन् ।

अमेरिका गएसँगै नन्दिताले अभिनयलाई निरन्तरता दिन सकेकी छैनन् । फिल्म 'इन्द्रेणी'बाट डेब्यु गरेकी उनको पछिल्लो रिलिज फिल्म 'जंगबहादुरको कोट' हो । उनले 'हामी तीन भाई', 'बाटो मुनीको फूल', 'बसमा छैन यो मन', 'त्रिशुल', 'मृगतृष्णा', 'सपना', 'तिमी मात्र तिमी' लगायतका दुई दर्जन बढी फिल्ममा अभिनय गरेकी छन् । कुनै समय नेपाली फिल्ममा उनको राम्रो माग थियो ।

# बाल विवाहविरुद्धको फिल्म 'जुना' माघ २५ मा रिलिज हुने



काठमाडौं/बाल विवाह तथा महिला हिंसाविरुद्धको कथावस्तुमा आधारित भएर बनेको फिल्म 'जुना' आगामी माघ २५ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने भएको छ । बुधबार काठमाडौं र मोफसलका लागि वितरकको टुंगो लगाउँदै फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो । अब माघ २५ गते 'जुना'को बक्स अफिसमा अभिनेत्री प्रियंका कार्की अभिनीत फिल्म 'ममी'सँग भिडन्त हुनेछ ।

जीवन सेञ्चुरीको निर्देशनमा बनेको फिल्ममा अस्मिता ढकाल, कृष्णप्रसाद धिताल, देशभक्त खनाल, रश्मी भट्ट, कमल बोहोरा, अस्मिता बस्नेत, खगेन्द्र न्यौपाने, विकास आनन्द लगायतको अभिनय छ । फिल्मको विभिन्न सहरमा दर्जनौं च्यारिटी शो भइसकेको छ । केही शोमा दर्शकहरु रोएर बेहोस समेत भएका थिए । यसैले फिल्म विशेष बनेको हुनसक्ने देखिन्छ ।

गोदावरी फिल्म प्रोडक्सन एण्ड रिसर्च सेन्टरको ब्यानरमा निर्माण भएको फिल्ममा दीपकप्रसाद घिमिरेको एकल लगानी छ । यसमा राजबहादुर सानेको कथा, बीबी अनुरागी र रमेश सेञ्चुरीको संगीत, जीवन सेञ्चुरी र भीमबहादुर पौडेलको शब्द, अञ्जु पन्त, पूर्णकला बिसी र यदुराई लकान्द्रीको स्वर र रामेश्वर हुमागाईंको डिओपी छ ।

निर्देशक सेञ्चुरीले फिल्मले बाल विवाह अन्त्य गर्नुपर्ने नारा लिएको बताए । उनले भने, 'यो एक ऐतिहासिक र विशिष्ट प्रकृतिको फिल्म हो । नेपाली समाजमा सदीयौंदेखि व्याप्त महिला हिंसा, बाल विवाह, अनमेल विवाह, बहुविवाह, बलात्कार, जबरजस्ती करणी, छाउपडी जस्ता कुप्रथालाई अन्त्य गर्न फिल्मले भूमिका खेल्ने विश्वास लिएका छौं ।' फिल्म उत्कृष्ट बनेको उनको दाबी छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चित्लाङ–थानकोट सडक बन्द नगर्न अपिल

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ काठमाडौं र मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिका जोड्ने चित्लाङ-थानकोट सडक बन्द नगर्न अपिल गरिएको छ । चित्लाङस्थित मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले सडक बन्द नगर्न अनुरोध गरेको हो ।



विश्वविद्यालयले सडक सुधारको नाममा पठनपाठनमै असर पर्ने भएको जनाएको छ । विश्वविद्यालयका अध्यक्ष प्राध्यापक राजेन्द्रध्वज जोशीले बिहीबार विज्ञप्ती जारी गर्दै सडक बन्द गरिएमा विश्वविद्यालयको शैक्षिक तालिका (क्यालेन्डर) कार्यान्वयन हुन नसक्ने बताए । विश्वविद्यालयको शैक्षिक तालिका कार्यान्वयन उच्चशिक्षा क्षेत्रको राष्ट्रिय प्राथमिकताको विषय भएको र उच्चशिक्षाका लागि ठूलो संख्यामा विद्यार्थी बाहिरिनुका कारणमध्ये एउटा प्रमुख कारण विश्वविद्यालयले शैक्षिक तालिका पूर्णरुपमा कार्यान्वयन गर्न नसक्नु रहेको जोशीले उल्लेख गरे ।

जसकारण यस विश्व विद्यालयलाई शैक्षिक तालिका कार्यान्वयन गर्न सघाउनको लागि विश्वविद्यालयका विद्यार्थी, शिक्षक, कर्मचारी र सरोकारवालाको तर्फबाट सम्पूर्ण जनसमुदायलाई हार्दिक अनुरोध गरिएको प्राध्यापक जोशीले विज्ञप्तीमा भनेका छन् । सडक बन्द हुँदा विश्वविद्यालयमा अध्ययन-अध्यापन सञ्चालन हुन नसक्ने भएकोले सडक बन्द गर्ने योजनाबारे जानकारी पाएपछि काठमाडौं सडक डिभिजन, काठमाडौं जिल्ला प्रशासन कार्यालय, चन्द्रागिरी नगरपालिका, थाहा नगर पालिकामा सम्पर्क राखी सडक बन्द भएमा विश्वविद्यालय सञ्चालन हुन नसक्ने व्यहोरा जानकारी गराइएको उनले बताए ।

काठमाडौं सडक डिभिजन कार्यालयले विश्वविद्यालयको चिन्तालाई गहनरुपमा नलिएको महशुस भएको जोशीले जनाए । 'सडक बन्द गर्ने जस्तो संवेदनशील विषयमा सडक बन्द गर्दा पर्ने प्रभाव र वैकल्पिक उपायको समेतको गहन विश्लेषणबिना विश्वविद्यालयको असहमतिका बाबजुद सडक बन्द गर्न सिफारिस गर्ने निर्णय बैठकबाट गराइयो । बैठकको प्रकृति हेर्दा रीत पुऱ्याउँदा मात्र बैठक आयोजना गरिएको स्पष्ट देखिन्थ्यो' विज्ञप्तीमा भनिएको छ ।



**सडक स्तरीकरणका लागि फिल्ड सर्वेक्षण** : भीमफेदी गाउँपालिका-९ र ६ जोड्ने 'धोर्सिङ-ढड्डाघारी-मान्द्रे सडकको स्तरीकरणका गर्न संघीय सरकारबाट १ करोड बजेट बिनियोजन भएपछि स्थानीय अगुवाहरु सडक निर्माणबारे फिल्ड सर्वेक्षणमा जुट्दै । यो सडक निर्माण भएपछि वडा नम्बर ९ को मान्द्रे, अघोर, बसिफाट, दन्दुभन्ज्याङ, बर्देउ, फिरघारीलगायत माथिल्लो बस्तीका हजारौं नागरिकको पालिकाको सदरमुकामसम्म सहज यातायात पहुँच पुग्नेछ । साथै, थाहा नगरपालिका र भीमफेदी गाउँपालिकाको सम्बन्ध पनि प्रगाढ हुने अपेक्षा स्थानीयले गरेका छन् । यो योजना सडक डिभिजन हेटौंडा कार्यालयले कार्यान्वयन गर्ने जनाइएको छ ।

फिल्ड सर्वेक्षणमा सडक डिभिजन हेटौंडाको इन्जिनियरहरु दिलाशा तिवारी र कुमार मुक्तान, वडा नम्बर ६ का पूर्वअध्यक्ष सीताराम थापा, वडासदस्य बिजय लामा, वडा नम्बर ९ का वडासदस्य उदय हटुवाल, प्रतिनिधिसभा सदस्य महेश बर्तौलाका स्वकीय सचिव आशिष अस्लामी मगर, स्थानीय अगुवाहरु हरिशंकर थापा, बादल सिलवाल, भरत राना, प्रेमसिंह बल, बलबहादुर पाख्रिनलगायत गाउँका धेरै स्थानीयको सहभागिता थियो । अब केही दिनमा सडक आयोजनाको डिजाइन, स्टिमेट सकेर ठेक्का प्रक्रियामार्फत् कामको आरम्भ हुने जनाइएको छ । *तस्बिर: आशिष अस्लामी मगर ।*

# पालुङका कार्कीको जेसीज राष्ट्रिय उपाध्यक्षमा उम्मेद्वारी

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/नेपाल जेसीज वर्ष २०२५ का लागि राष्ट्रिय उपाध्यक्ष पदमा पालुङ जेसीज वर्ष २०२३ का अध्यक्ष संगम कार्कीले उवम्मेद्वारी दिएका छन् ।



राष्ट्रिय उपाध्यक्ष पदका उम्मेद्वार कार्की पालुङ जेसीजमा २०१२ र २०१३ मा साधारण सदस्य, २०१४ मा खेलकुद संयोजक, २०१५ मा स्वयंसेवक संयोजक, २०१६ मा सदयता बिस्तार संयोजक, २०१७ मा वर्ष कार्यक्रम संयोजक, २०१८ मा सदस्य, २०१९ मा उपाध्यक्ष, २020 कोषाध्यक्ष, २०२१ मा महासचिव, २०२२ कानुनी सल्लाहकार, २०२३ मा शाखा अध्यक्ष हुँदै २०२५ का लागि राष्ट्रिय उपाध्यक्ष पदको लागि उम्मेद्वारी दिएका हुन् ।

स्थापनाको २१ वर्ष पछि पालुङ जेसीजलाई राष्ट्रिय पदाधिकारी प्राप्त गराउनको लागि आफ्नो उम्मेद्वारी रहेको राष्ट्रिय उपाध्यक्षका उम्मेद्वार कार्कीले बताए । कार्कीले संस्थाको गरिमालाई उच्च बनाउँदै आफ्नो क्षमताले भ्याएसम्म क्रियाशील रहने बताए । थाहा नगरपालिका-३ मा २०४२ मा जन्मेका कार्कीले अंग्रेजी र समाजशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण गरेका छन् । सामाजिक कार्यमा सक्रिय कार्की नेपाल रेडक्रस सोसाईटी दामन उपशाखा कार्यसमिति सदस्य, हिमालयन ईङ्लिस सेकेन्डरी स्कूल थाहा-४ को विद्यालय संयोजक, न्यु भिजन एकेडेमी थाहा-३ को संस्थापक, जनकल्याण माध्यमिक विद्यालय थाहा-३ को मानबिकी संकाय संयोजक हुन् ।

# स्वाइन फिभरले एकसय बंगुरको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/चालु आर्थिक वर्ष २०८१/८२ मा हेटौंडामा स्वाइन फिभर भाइरसका कारण १ सय वटा बंगुरको मृत्यु भएको छ । पशुसेवा कार्यालय हेटौंडाका प्रमुख ब्रजकिशोर ठाकुरका अनुसार हेटौंडा उपमहानगरपालिका वडा नं. १ मा ९०, वडा नं. १७ मा ७ र वडा नं. ११ मा ३ वटा बंगुरको मृत्यु भएको हो ।

बिहीबार आयोजित रोग सम्बन्धी जनचेतना तथा अन्तक्रियामा कार्यालयका पशुचिकित्सक डा. विजय पौडेलले स्वाइन फिभरको कुनै ठोस उपचार नभएको बताए । उनका अनुसार यो रोग लाग्दा बंगुरको शरीरमा रगतको धब्बा देखिने, १०५ डिग्री फरेनहाइटभन्दा माथि ज्वरो आउने, रगतमासी देखिने, श्वास फेर्न गाह्रो हुने, खाना नखाने र गर्भ तुहिने जस्ता लक्षण देखिन्छन् ।

रोग नियन्त्रणका लागि पशु ढुवानीमा रोक लगाउनुका साथै खोर सरसफाइ र फोहोर व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने चिकित्सक पौडेलले बताए । साथै मृत बंगुरलाई सुरक्षित तरिकाले गाड्न र पशु हेरचाहमा विशेष सुरक्षा सामग्रीको प्रयोग गर्न उनले आग्रह गरे ।

नेपालमा यो रोग पहिलो पटक सन् २०२२ मा काठमाडौंको कागेश्वरी मनहरामा देखिएको थियो । हाल देशभर १ लाख ५८ हजार ८ सय बंगुर रहेको तथ्यांक छ । पशुसेवा कार्यालय हेटौंडाले रोगका कारण बंगुरको मृत्यु भएमा राहतस्वरुप अनुदान रकम उपलब्ध गराउने व्यवस्था गरेको छ ।

# बागमती सीटीईभीटीको निर्देशक नियुक्तिको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ बागमती प्रदेश सरकारले हेटौंडास्थित प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् (सीटीईभीटी) को प्रमुख कार्यकारी निर्देशक नियुक्तिको तयारी गरेको छ ।




प्रदेश सरकारले खुल्ला प्रतिस्पर्धामार्फत् प्रमुख कार्यकारी निर्देशकका लागि उम्मेदवार सिफारिस समेत गरेको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयले दर्खास्त आह्वान गरी परीक्षा तथा अन्तर वार्ता समेत सम्पन्न गरेर नियुक्तिका लागि ३ जना उम्मेदवार सिफारिस गरेको छ । मन्त्रालयका सचिव बद्रीनाथ गैह्रेको संयोजकत्वमा रहेको प्रमुख कार्यकारी निर्देशक छनोट तथा सिफारिस समितिले प्रमुख कार्यकारी निर्देशकका लागि ३ जना उम्मेदवारको नाम सिफारिस गरेको हो ।

समितिको सिफारिस अनुसार प्रदेश सरकारको आगामी मन्त्रिपरिषद बैठकले प्रमुख कार्यकारी नियुक्त गर्ने तयारी गरिएको प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद्ले जनाएको छ । यो पदमा ७ जनाको दर्खास्त परेकोमा सिफारिस समितिले ५ जनाको नाम सर्टलिष्टिङ गरेको थियो । सर्टलिष्टमा परेका ५ उम्मेदवारको गत पुस १ मा अन्तरवार्ता भएको थियो । अन्तवार्ताको नतिजा अनुसार प्रमुख कार्यकारी निर्देशक पदका लागि ३ जनाको नाम सिफारिस गरिएको हो ।

सिफारिस समितिले मध्यपुर ठिमी नगरपालिका-९ का बद्रीप्रसाद दाहालको नाम पहिलो नम्बरमा सिफारिस गरेको छ भने म्यागङ-४, नुवाकोटकी शान्ति लामा दोस्रो र चितवन भरतपुर-१० का ईश्वरचन्द्र पौड्यालको नाम तेस्रो स्थानमा रहेको छ । अन्तरवार्तामा छनोट भएका चितवन भरतपुर-१ का रमेश रिमाल र रामेछाप मन्थलीका नविनराज दाहाल भने फालिएका छन् ।

# मुख्यमन्त्री लामाद्वारा अस्पताललाई 'भेन्टिलेटर' हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा (तामाङ) ले चन्द्रागिरि नगर अस्पताल थानकोटमा 'भेन्टिलेटर' हस्तान्तरण गरेका छन् । अस्पतालमा अब भेन्टिलेटर सेवा सञ्चालनमा आउने भएको छ ।



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्पताललाई जीवनरक्षार्थ उपयोग हुने अतिसंवेदशील उपकरण प्रदान गरेको हो । चन्द्रागिरि-४ का वडाध्यक्ष एवम् नगरप्रवक्ता कृष्णप्रसाद खड्गीका अनुसार विसं २०७६ वैशाख २८ गतेदेखि चन्द्रागिरि-४ थानकोटमा सञ्चालित १५ शैयाको यो अस्पतालले प्रयोगशाला, २४ सै घण्टा आकस्मिक सेवासहित बर्थिङ सेवा प्रदान गरिराखेको छ ।

अस्पतालले पछिल्लो समय मुटु रोग जाँच, परिवार नियोजन सेवा, ज्येष्ठनागरिक, विपन्न तथा अपाङ्गता भएकालाई नि:शुल्क सेवा एवम् मिर्गौलाका बिरामीका लागि डायलाइसिस सेवा सञ्चालनको तयारी गरेको छ । अर्कोतर्फ चन्द्रागिरि नगरपालिकाले नगरक्षेत्रमा सामुदायिक नर्स कार्यक्रम सञ्चालन गरिराखेको छ । यस कार्यक्रमबाट स्क्रिनिङ ( मानसिक स्वास्थ्य, स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, पाँच वर्षमुनिका बालबालिकाको पोषण लगायत), परामर्श, गर्भवती, सुत्केरी घरभेट, स्वास्थ्यशिक्षा तथा जनचेतना सेवा प्रदान भइराखेको छ ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरूः**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

## चिसो मौसममा देखिने स्वास्थ्य समस्या

चिसो तथा शीतलहरको समयमा,

- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, फदयघात लगायतका स्वास्थ्य समस्या देखापर्न सक्छन् ।
- यी रोगले बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरू बढी प्रभावित हुन्छन् ।
- उनीहरूको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना ! सूचना !**

हेटौंडा उपमहानगरपालिकाको आयोजनामा तपशिलका स्थान, मिति र समयमा व्यवसाय शिविर सञ्चालन हुन गइरहेकोले व्यवसाय दर्ता, नवीकरण तथा घरभाडा तिर्न घरधनीहरुलाई आवश्यक कागजपत्र संलग्न राखी निम्न तालिकाबमोजिम आफ्नो वडा कार्यालयमा गई व्यवसाय सम्बन्धी सुविधा लिनहुन अनुरोध छ ।

**व्यवसाय शिविरको तालिका** :

**समय:** बिहान ८ वजेवाट  **मिति:** २०८१ पौषदेखि माघ मसान्तसम्म

| क्र.स. | वडा नम्बर | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | १८ | २०८१।०९।०७ र ०८ गते | वडा कार्यालय, हर्नामाडी | |
| २ | १७ | २०८१।०९।०९ र ११ गते | वडा कार्यालय, हटिया | |
| ३ | १६ | २०८१।०९।१२ र १४ गते | वडा कार्यालय, चिसापानी | |
| ४ | ०६ | २०८१।०९।१६ र १७गते | वडा कार्यालय, चौघडा | |
| ५ | ०७ | २०८१।०९।१८ र १९ गते | वडा कार्यालय, नागसोती | |
| ६ | ०८ | २०८१।०९।२१ र २२ गते | वडा कार्यालय, कमाने | |
| ७ | १५ | २०८१।०९।२३ र २४ गते | वडा कार्यालय, रातोमाटे | |
| ८ | १४ | २०८१।०९।२५ र २६ गते | वडा कार्यालय, मयुरधाप | |
| ९ | १३ | २०८१।१०।०२ र ०३ गते | वडा कार्यालय, पदमपोखरी | |
| १० | १२ | २०८१।१०।०४ र ०६ गते | वडा कार्यालय, पान्तले हात्तीगौडा | |
| ११ | ०९ | २०८१।१०।०७ र ०८ गते | वडा कार्यालय, लामसुरे | |
| १२ | १० | २०८१।१०।०९। र १० गते | वडा कार्यालय, बसपार्क | |
| १३ | ०१ | २०८१।१०।११ र १३ गते | वडा कार्यालय, चाईनाक्वाटर | |
| १४ | ११ | २०८१।१०।१४ र १५ गते | वडा कार्यालय, नवलपुर | |
| १५ | ०३ | २०८१।१०।२० र २१ गते | वडा कार्यालय, वसामाडी | |
| १६ | १९ | २०८१।१०।२२ र २३गते | वडा कार्यालय, बस्तिपुर | |
| १७ | ०४ | २०८१।१०।२४ र २५ गते | वडा कार्यालय, हुप्राचौर शितलमहलचोक | |
| १८ | ०५ | २०८१।१०।२७ र २८ गते | वडा कार्यालय, सानोपोखरा | |

**हेटौडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना